# लोक सेवा आयोग, केन्द्रीय कार्यालय

## सूचना तथा प्रकाशन शाखा

## नेपाल कृषि सेवाका रा.प. प्रथम श्रेणीका पदहरुमा बढुवा तथा आन्तरिक प्रतियोगिताको विज्ञापन

**सूचना नं. २९६/०७७-७८** **प्रकाशन मितिः २०७८/०६/२०**

सम्मानित सर्वोच्च अदालतबाट जारी भएका परमादेशको आदेश अनुसार लोक सेवा आयोग (कार्य सञ्चालन) निर्देशिका, २०६७ को दफा १० समेतका आधारमा नेपाल कृषि सेवाका देहायका समूह र श्रेणीका पदहरुमा बढुवा तथा आन्तरिक प्रतियोगितात्मक परीक्षाद्वारा पदपूर्ति गर्नुपर्ने भएकोले आयोगको आ.व. २०७७/७८ को पदपूर्ति सम्बन्धी वार्षिक कार्यतालिका अनुसार २०७७/०६/२८ गते प्रकाशित विज्ञापनको अवधि भित्र योग्यता पुगेका उम्मेदवारहरुबाट दरखास्त आह्वान गरिएको छ। यस अघि मिति २०७७/०६/२८ मा नेपाल कृषि सेवाका ला.पो. एण्ड डे.डे. र बालि विकास समूहका रा. प. प्रथम श्रेणीका पदहरुमा प्रकाशित बढुवा सूचनाहरु सर्वोच्च अदालतको उत्प्रेषणको आदेश बमोजिम रद्द गरिएको हुनाले पूर्व प्रकाशित बढुवा सूचनाहरुमा दरखास्त दिएका उम्मेदवारहरुले समेत पुनः दरखास्त पेश गर्नुपर्नेछ।

| क्र.सं. | बढुवा सूचना नम्बर/ विज्ञापन नम्बर | सेवा, समूह, उपसमूह | श्रेणी | किसिम | पद संख्या |
|---|---|---|---|---|---|
| १. | १/०७८-७९ | कृषि, कृषि प्रसार | रा.प.प्रथम | जेष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने बढुवा | १ (एक) |
| २. | २/०७८-७९ | कृषि, ला.पो. एण्ड डे.डे. | रा.प.प्रथम | जेष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने बढुवा | १ (एक) |
| ३. | ३/०७८-७९ | कृषि, एग्. इको. मार्केटिङ्ग एण्ड स्टाटिष्टिक | रा.प.प्रथम | जेष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने बढुवा | १ (एक) |
| ४. | ४/०७८-७९ | कृषि, माटो विज्ञान | रा.प.प्रथम | जेष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने बढुवा | १ (एक) |
| ५. | ५/०७८-७९ | कृषि, बागवानी | रा.प.प्रथम | कार्यक्षमताको मूल्याङ्कनद्वारा हुने बढुवा | १ (एक) |
| ६. | ६/०७८-७९ | कृषि, बालि विकास | रा.प.प्रथम | कार्यक्षमताको मूल्याङ्कनद्वारा हुने बढुवा | १ (एक) |
| ७. | ७/०७८-७९ | कृषि, बाली संरक्षण | रा.प. प्रथम | कार्यक्षमताको मूल्याङ्कनद्वारा हुने बढुवा | १ (एक) |
| ८. | ८/०७८-७९ | कृषि, एग्. इको. मार्केटिङ्ग एण्ड स्टाटिष्टिक | रा.प.प्रथम | कार्यक्षमताको मूल्याङ्कनद्वारा हुने बढुवा | १ (एक) |
| ९. | १७५१/०७८-७९ | कृषि, बागवानी | रा.प.प्रथम | आ.प्र. | १ (एक) |
| १०. | १७५२/०७८-७९ | कृषि, एग्. इको. मार्केटिङ्ग एण्ड स्टाटिष्टिक | रा.प.प्रथम | आ.प्र. | २ (दुई) |

**जेष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने बढुवा र कार्यक्षमताको मूल्याङ्कनद्वारा हुने बढुवा तर्फका उम्मेदवारहरुले दरखास्त दिँदा ध्यान दिनुपर्ने विषयहरुः**

(क) निजामती सेवा ऐन, २०४९ को दफा २२ बमोजिम बढुवाको लागि अयोग्य नभएको हुनुपर्नेछ।
(ख) दरखास्त फाराम भर्दा निजामती किताबखानाबाट आफूले पाएको संकेत नम्बर अनिवार्य रुपमा उल्लेख गर्नुपर्नेछ।
(ग) समकक्षता निर्धारण गर्नुपर्ने शैक्षिक योग्यताको हकमा समकक्षता निर्धारण गरेको प्रमाणित प्रतिलिपि अनिवार्य रुपमा पेश गर्नुपर्नेछ।
(घ) दरखास्त फारामको सम्पूर्ण महलहरुमा उल्लेख भए बमोजिमका विवरणहरु स्पष्ट खुलाउनु पर्नेछ।
(ङ) कर्मचारी समायोजन ऐन, २०७५ अनुसार संघ, प्रदेश र स्थानीय तहमा समायोजन भएका कर्मचारीहरु सोही ऐनको दफा १४ को उपदफा ४ बमोजिम समायोजन हुनपूर्व बहाल रहेको सेवा/समूह/उपसमूहको एक श्रेणी वा तह माथिको पदमा बढुवाको लागि सम्भाव्य उम्मेदवार हुन सक्नेछन्।
(च) जेष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने बढुवाको लागि निजामती सेवा ऐन, २०४९ (चौथो संशोधन) को दफा २४ घ१क बमोजिम सम्भाव्य उम्मेदवार हुनुपर्नेछ साथै बढुवा हुने पदभन्दा एक श्रेणी मुनिको पदमा सम्बन्धित सेवा, समूह वा उपसमूहसँग सम्बन्धित विषयमा एक महिना वा सोभन्दा बढी अवधिको सेवाकालीन तालिमको प्रमाणपत्रको प्रतिलिपि पेश गर्नुपर्नेछ।
(छ) कार्यक्षमताको मूल्याङ्कनद्वारा हुने बढुवाका लागि निजामती सेवा ऐन, २०४९ को दफा २१ बमोजिम बढुवाको लागि सम्भाव्य उम्मेदवार भएको हुनुपर्नेछ। निजामती सेवा ऐन, २०४९ को दफा २४क, २४ख, २४ग र २४घ अनुसारको कार्यसम्पादनको मूल्याङ्कन, ज्येष्ठता, भौगोलिक क्षेत्रमा काम गरेको अनुभव, शैक्षिक योग्यता र तालिमको मूल्यांकन निजामती सेवा ऐन, २०४९ को दफा २४ बमोजिम गणना हुनेछ। महिला, आदिवासी/जनजाति, मधेसी, दलित, अपाङ्ग र पिछडिएको क्षेत्रका उम्मेदवारको हकमा निजामती सेवा ऐन, २०४९ को दफा २१ को उपदफा (२) अनुसार हुनेछ। निजामती सेवा नियमावली, २०५० को नियम १२३ अनुसारको सेवा अवधि भएमा सो प्रमाणित भएको हुनुपर्नेछ।
(ज) मिति २०७७।०८।०२ सम्म हासिल गरेको शैक्षिक योग्यता, तालिम एवं अनुभवको अवधिमात्र मान्य हुनेछ।
(झ) लोक सेवा आयोगको वेबसाइट www.psc.gov.np बाट डाउनलोड गरी सम्बन्धित उम्मेदवारले एकप्रति दरखास्त फाराम स्पष्टसँग भरी मिति २०७८/०७/२३ सम्ममा काठमाडौं उपत्यकाको हकमा दरखास्त व्यवस्थापन केन्द्र, अनामनगर र काठमाडौं उपत्यका बाहिरको हकमा आयोगका कार्यालयहरुमा बुझाई सक्नु पर्नेछ। म्याद नाघी प्राप्त हुन आएका दरखास्त उपर कुनै कारवाही गरिने छैन।
(झ) दरखास्त दस्तुर रु. १,५००।- (एक हजार पाँच सय) बुझाउनु पर्नेछ।

**आन्तरिक प्रतियोगिताका उम्मेदवारहरुको लागि विशेष सूचना**

१. तोकिएको न्यूनतम योग्यता पुगेका उम्मेदवारहरुले आयोगको अनलाइन दरखास्त प्रणाली psconline.psc.gov.np मार्फत् २०७८/०७/०९ र दोब्बर दस्तुर तिरी २०७८/०७/१६ सम्म आवेदन दिनुपर्नेछ।
२. दरखास्त दस्तुर रु. १,५००।- (एक हजार पाँच सय बुझाउनु पर्नेछ।
३. उम्मेदवार मिति २०७७/७/१८ सम्म २१ वर्ष उमेर पुरा भै ४५ वर्ष ननाघेको हुनु पर्नेछ। वहालवाला स्थायी निजामती कर्मचारीको हकमा उमेरको हद लाग्ने छैन।
४. अनलाइन माध्यमबाट दरखास्त पेश गरिसकेपछि ढिलोमा दोब्बर दस्तुर तिरी दरखास्त दिन पाउने अन्तिम मितिको भोलिपल्ट कार्यालय समय भित्र (उक्त दिन सार्वजनिक बिदा पर्न गएमा सो पछि कार्यालय खुलेको पहिलो दिन) तोकिएको परीक्षा दस्तुर/दोब्बर दस्तुर रकम Connect IPS प्रणाली वा बैंक मार्फत अनिवार्य रुपमा बुझाइ सक्नुपर्नेछ।
५. उम्मेदवारले शैक्षिक योग्यता, तालिम, अनुभव, व्यवसाय अनुमति प्रमाणपत्र, समावेशी समूह खुल्ने कागजात लगायत सम्बन्धित विज्ञापनमा तोकिएका कागजपत्र अनलाईन दरखास्त प्रणालीको तोकिएको स्थानमा PDF Format मा अपलोड गर्नु पर्नेछ। सबै उम्मेदवारले आफ्नो नागरिकताको प्रमाणपत्रको अगाडिको भाग स्क्यान गरी JPG Format मा अपलोड गर्नुपर्नेछ। दरखास्तमा उल्लेख गरेको विवरणका सम्बन्धमा उम्मेदवार स्वयं पूर्ण जवाफदेही हुनुपर्नेछ।

**लिखित परीक्षा कार्यक्रम**

| क्र.सं. | विज्ञापन नम्बर | श्रेणी | सेवा, समूह, उपसमूह | किसिम | माग पद संख्या | लिखित परीक्षा कार्यक्रम | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | प्रथम पत्र | द्वितीय पत्र |
| | | | | | | समय : दिनको १.०० बजे | |
| १. | १७५१/०७८-७९ | रा.प. प्रथम श्रेणी | कृषि, बागवानी | आ.प्र. | १ (एक) | २०७८/०८/०२ | २०७८/०८/०३ |
| २. | १७५२/०७८-७९ | रा.प. प्रथम श्रेणी | कृषि, एग्. इको. मार्केटिङ्ग एण्ड स्टाटिष्टिक | आ.प्र. | २(दुई) | २०७८/०८/०४ | २०७८/०८/०५ |

## *आन्तरिक प्रतियोगिताको लागि आवश्यक न्यूनतम योग्यता*

(१) निजामती सेवाको बढुवा हुने पदसँग सम्बन्धित सेवाको रा.प.द्वितीय श्रेणीको पदमा ५ वर्ष स्थायी सेवा अवधि पूरा गरेको। तर महिला, आदिवासी/जनजाति, मधेसी, दलित, अपाङ्ग र पिछडिएको क्षेत्रमा स्थायी वसोबास भएका निजामती कर्मचारीको हकमा सो सेवा अवधिमा १ वर्ष कम भए पनि हुनेछ।
(२) विज्ञापित पदहरुको हकमा मिति २०७७/७/१८ सम्म हासिल गरेको शैक्षिक योग्यता, तालिम एवं अनुभवको अवधिमात्र मान्य हुनेछ।